नेपाल सरकार

केन्द्रीय तथ्याङ्क विभाग

# राष्ट्रिय आर्थिक गणना २०७५

## शुभारम्भ तथा आर्थिक गणना स्तम्भ अनावरण कार्यक्रम

## प्रेश विज्ञप्ती

**१ वैशाख २०७५, काठमाण्डौ**

## नयाँ वर्ष २०७५ को उपलक्षमा सबैमा हार्दिक मङ्गलमय शुभकामना

देशको आर्थिक क्रियाकलापहरुलाई मुल्यांकन गर्न, यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता हुन्छ। दिगोरूपमा आर्थिक तथ्याङ्कहरु उपलव्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता रहेकोले सबै उद्योग, व्यवसाय, विभिन्न सेवा प्रदायक लगायतका संघसंस्था जस्ता प्रतिष्ठानहरु (आर्थिक एकाइहरु) को तथ्यांक संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्यता रहेको छ। यसै सन्दर्भमा विभागले **यही मिति २०७५ साल वैशाख १ गते देखी जेष्ठ ३१ गते सम्म नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना** सञ्चालन गर्ने कार्यक्रम सञ्चालन गर्दैछ। केन्द्र, प्रदेश तथा स्थानीयतहसम्म योजना तर्जुमा र नीति निर्माण गर्न आधारभूत आर्थिक तथ्याङ्कहरू उपलब्ध गराउनु र मुलुकको राष्ट्रिय लेखा प्रणालीको सुदृढीकरण गर्न, सम्बन्धित क्षेत्रका उद्योगी, व्यवसायी, लगानीकर्ताहरु र प्राज्ञिक अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई क्रमशः व्यवसाय समृद्धिको लागि नीति तथा योजना तर्जुमा गर्न र अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू उपलव्ध गराउनु राष्ट्रिय आर्थिक गणना २०७५ को मुख्य उद्देश्यहरु रहेकाछन्। यसै सन्दर्भमा प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ लाई सफलताका साथ सम्पन्न गर्न विभागले ७७ जिल्लाहरुमा मिति २०७४ चैत्र १ गते देखि ४ महिना अवधिका लागि जिल्ला आर्थिक गणना कार्यालयहरु स्थापना भई सुपरिवेक्षक तथा गणकहरुलाई तालिम प्रदान गरी आ–आफ्नो कार्य क्षेत्रमा खटाइ सकिएकोछ। राष्ट्रिय आर्थिक गणना २०७५ कार्यक्रममा जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको पनि आर्थिक गणना सञ्चालन गर्न क्षमता विकासका लागि प्राविधिक सहयोग रहेकोछ।

आज वैशाख १ गतेबाट सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना नेपालको पहिलो तथा ऐतिहासिक बृहत तथ्यांकीय कार्य भएकोले गणनाको स्मृतिमा विभागले आफ्नो परिसरमा "आर्थिक गणना स्तम्भ" निर्माण गरेको छ। विभागले प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को शुभ उपलक्ष्यमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूबाट आर्थिक गणनाको **शुभारम्भ तथा स्तम्भको अनावरण** गर्ने कार्यक्रम आयोजना गरेकोछ।

**यही २०७५ साल वैशाख १ गते देखी जेष्ठ ३१ गते सम्म** यस विभागबाट आर्थिक गणनाका विवरणहरु संकलन गर्न प्रत्येक घरदैलो वा प्रतिष्ठान व्यवसाय स्थलमा गणना कर्मचारीहरु आउनेछन्। गणकहरुलाई सही र यथार्थ विवरण उपलव्ध गर्नु सरोकारवाला सबै प्रतिष्ठान तथा व्यवसायको कर्तव्य तथा दायित्व हो। यस आर्थिक गणनालाई सफलताका साथ सम्पन्न गर्न सबै सरोकार राख्ने नेपाल सरकारका निकायहरु, पत्रकार, उद्योगी, व्यवसायीहरु, शैक्षिक प्रतिष्ठानहरु, स्वास्थ्य व्यवसायीहरु, गैरसरकारी संस्था, साना तथा ठूला प्रतिष्ठान व्यवसायी तथा संघसंस्थाहरु, विभिन्न व्यावसायिक संठनहरु र सम्पूर्ण नागरिकहरुको सहयोग तथा सदभाव रहने केन्द्रीय तथ्याङ्क विभागले अपेक्षा तथा विश्वास लिएको छ। यसका साथै तथ्याङ्क ऐन २०१५ अनुसार व्यवसायको संकलित विवरणहरु गोप्य रहने र केवल सामूहिक तथ्याङ्कीय प्रयोजनका लागिमात्र उपयोग हुनेमा केन्द्रीय तथ्याङ्क विभाग विश्वास दिलाउन चाहन्छ।

## प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौं।

*"दिगो आर्थिक विकासको आधारका लागि राष्ट्रिय आर्थिक गणना २०७५"*